श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडं
☎ : ४२००७२१, ४२००७२
४२००७५
फ्याक्स : ४२००७४
पो.ब.नं.२०४३
Email: info@supremecourt.gov.n
admin@supremecourt.gov.n
Web: www.supremecourt.gov.n

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. ३४६९

मिति: २०७६।०३।३१

विषयः परिपत्र।

श्री जिल्ला अदालत सबै।

प्रस्तुत सम्बन्धमा रिट निवेदक सिन्धुपाल्चोक जिल्ला मांखा गा.वि.स. वडा नं.२ हाल, बलेफी गाउँपालिका -८ घर भई हाल, कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका माइला भन्ने लालकाजी तामाङ (संवत् २०७२ सालको काठमाडौं जिल्ला अदालतमा रामबहादुर मोक्तानको जाहेरीको वादी नेपाल सरकार प्रतिवादी माइला भन्ने लालसिंह तामाङ भएको जवरजस्ती चोरी मुद्दाका प्रतिवादी) विरुद्ध काठमाडौं जिल्ला अदालत समेत भएको ०७५-WH-००९२ नं. को बन्दिप्रत्यक्षिकरणको रिट निवेदनमा मिति २०७५।१२।०३ मा संयुक्त इजलासबाट भएको आदेशानुसार "चोरी मुद्दामा ठहर भएको कैद भुक्तान गरी सकेको अवस्थामा मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले चोरीको कसूरमा जरिवानावापत समेत कैदमा बस्नुपर्ने व्यवस्था नगरेको सन्दर्भमा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सुविधा र लाभ पाउने भै जरिवानावापत कैदमा बस्नुपर्ने अवस्था नभएको र फैसलाले ठहर भएको कैद भुक्तानी भैसकेको तथा जरिवाना वापतको रकम नगदै धरौट राखी सकेको अवस्थाका मुद्दामा थुनामा रहेको व्यक्तिको थुना गैरकानूनी देखिएकोले थुनामुक्त गरिदिनु र यस्तै प्रकृतिका मुद्दामा फैसला कार्यान्वयन तथा वक्यौता कैदको लगत असूल उपर गर्ने सन्दर्भमा यसै आदेशबमोजिम गर्ने गराउनको लागि सबै जिल्ला अदालतहरु लाई परिपत्र गर्नु" भन्ने आदेश भएकोले उपरोक्तानुसार गर्नु, गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु।

साथै फैसलाको पूर्णपाठ ०७५-WH-००९२ को मुद्दामा अपलोड भएको व्यहोरा समेत जानकारी गराउँदछु।

२०७६।३।३०

देवेन्द्र ढकाल
उप रजिस्ट्रार